# प्रेश विज्ञप्ति

नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) द्वारा Building Better Tourism With Renewed Strength को सार (Theme) सहित दुई दुई बर्षमा गरिने २०औं अधिवेशन, नाट्टा विशेष बार्षिक कार्यक्रम-कार्निभल २०१५, र नाट्टा चौथो रक्तदान कार्यक्रमहरुको क्रमिक सिल-सिला गत सेप्टेम्बर २१ मा प्रारंभ भै यही अक्तूबर १ तारेख समाप्त भएको छ ।

यस बर्षको बीसौं नाट्टा अधिवेशन विभिन्न दृष्टिकोणबाट अत्यन्तै भव्य र सफलतापूर्वक सम्पन्न भएको हामीले अनुभूति गरेका छौं । अधिवेशनको अवसरमा प्रदान गरिने **नाट्टा भास्कर पुरस्कार २०१५** नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर श्री दीपेन्द्र बहादुर क्षेत्रीलाई उहांको कार्यकालमा पर्यटन व्यवसायीहरुको हितका लागि ल्याइएको विदेशी मुद्रा repatriation को मौद्रिक नीतिका लागि, तथा नेपाललाई विगत करीब ४० बर्ष देखि निरन्तर आफ्ना फोटोग्राफी, नेपाल सम्बन्धि पुस्तक लेखन तथा विश्व प्रसिद्ध Everest, Caravan जस्ता चलचित्र निर्माण गरि पर्यटनको विश्व-मानचित्रमा नेपाललाई अग्र स्थानमा स्थापित गर्न अहोरात्र लागि रहनु भएका फ्रांसेली नागरिक एरिक भ्यालीलाई नाट्टा **सगरमाथा पुरस्कार-२०१५** प्रमुख अतिथि सम्माननीय सभामुख श्री सुवास चन्द्र नेम्बाङ्गज्यूबाट प्रदान गरिएको थियो । नाट्टाका बार्षिक रुपमा प्रदान गरिने नाट्टा एक्सलैंस अवार्ड, नाट्टा मिडिया अवार्ड लगाएत यस बर्ष पहिलो चोटी नाट्टाले आफ्नो संस्थाका पूर्व अध्यक्षज्यूहरु तथा हालका सल्लाहाकारज्यूहरुदाई बिशेष प्लेक सहित सम्मान गरेको स्मरणीय छ । माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री कृपासुर शेर्पाज्यू समेत उपस्थित रहनु भएको उक्त अवसरमा श्री एरिक भ्यालीलाई थप सम्मान स्वरुप संघको आजीवन मानार्थ सदस्यता पनि प्रदान गरिएको यस सम्मानित प्रेस-भेलालाई जानकारी गराउन चाहन्छौं ।

नाट्टाको बीसौं अधिवेशनमा key-note वक्ताका रुपमा आमन्त्रित Universal Federation of Travel Agents Association (UFTAA) का मानार्थ अध्यक्ष तथा हालका उपाध्यक्ष श्री उदय नानायाक्काराज्यूले अधिवेशनको सार उपर आफ्ना महत्वपूर्ण उद्गारहरुको उद्घोष गर्दै नेपालका पर्यटकीय सम्पदाहरु विश्वमै अद्बितिय र कौतुहलपूर्ण रहेको एवम् नेपाल युगौं युग सम्म पर्यटकहरुका लागि एउटा आकर्षक गन्तव्य मुलुक रही रहने ठोकुवा समेत गर्नु भएको उल्लेख्य छ ।

मित्रराष्ट्र चीनका प्रसिद्ध कलाकार श्री मिङ्ग याङ्ग जियाङ्ग (Mr. Ming Yang Jiang उपनाम Mr. Ocean) लाई नाट्टाको यस अधिवेशनका लागि बिशेष सम्माननिय पाहुना (Special Guest of Honor) का रुपमा आमंत्रण गरिएको थियो । नाट्टाको अधिवेशन सत्रमा उहांको गरिमामय उपस्थिति र नेपाललाई चीनीयां युवा समुदाय बीच प्रभावकारी रुपमा प्रस्तुत गर्ने उहांको ओजस्वी एवम् अठोटपूर्ण उद्गारले सहभागी पर्यटन व्यवसायीहरुलाई आगामी दिनहरुमा नेपालमा आउने चीनीयां पर्यटकहरुको संख्यामा बृद्धि हुने विश्वास जगाएको छ । नाट्टाले चिनियां विशेष सम्मानित पाहुना श्री ओशन संग संयुक्त रुपमा MOU हस्ताक्षर गरि उहांसंग एक बर्षका निम्ति मित्रराष्ट्र चीनमा NATTA को Goodwill Ambassador का रुपमा काम गर्ने सहमति भएको छ ।

सन् २०१४ मा चीनबाट १० करोड ७० लाख पर्यटकहरु विश्व भ्रमणमा गएका थिए जस मध्ये ७०% ले हंगकंग र मकाउको मात्र भ्रमण गरेको आंकडा हामीले पाउंछौं । बांकी ३०% अथार्त ३ करोड २० लाख चीनीयां पर्यटकले विश्वका अन्य भू-भागको भ्रमणमा गएको सत्य-तथ्य हाम्रा सामु छन् । सन् २०१५ मा यो २२% ले बृद्धि हुने अपेक्षा गरिएको छ । सन् २०१४ मा १ लाख २५ हजार चीनीयां पर्यटकले नेपाल भ्रमण गरेका थिए । सन् २०१२ मा यो आंकडा ७२,००० मात्र थियो र त्यसमा गत बर्ष ४०% ले बृद्धि भएको पाईन्छ । नाट्टाले सन् २०१६ मा हालको चीनीयां पर्यटकको संख्या दोब्बर बढाई २ लाख ५० हजार पुर्‌याउने लक्ष्य प्रक्षेपण गरेको सहर्ष अनुरोध गर्न चाहन्छौं ।

नाट्टा अधिवेशनको सत्र समाप्त भए पछि यथास्थानमा अंतराष्ट्रिय संचार कर्मीहरुसंग संयुक्त प्रेस-भेला आयोजित गरिएको थियो । जस्मा पत्रकारज्यूहरुबाट सोधिएका प्रश्नहरुको उत्तर नाट्टाले दिएको थियो भने चिनियां विशेष पाहुना श्री ओशनले पनि आंफूले स्वदेश फर्किए पश्चात् नेपाल प्रवर्द्धनका लागि आंफूले भावि दिनहरुमा गर्ने कार्यक्रमहरुको बारेमा प्रकाश पार्नु भएको थियो ।

तत्पश्चात्, गत बर्ष बंगलादेशको ढाकामा गठित South Asia Tourism Federation को दोश्रो कार्यकारी बैठक प्रारंभ भयो । जस्मा नेपाल, बंगलादेश, भूटान र भारतका सहभागीहरु सम्मिलित हुनु हुन्थ्यो । बैठकले South Asia Tourism Federation लाई SAARC सचिवालयबाट मान्यता प्राप्तिका लागि आवश्यक कार्यलाई तिब्रताका साथ अघि बढाउने निर्णय गरेको छ । साथै, कार्यसमितिको तेश्रो बैठक आगामी दिसेम्बरमा भूटानको थिम्पूमा आयोजना गरिने भएको छ ।

नाट्टाले आफ्नो बीसौं अधिवेशनको सार (Theme) लाई सशक्त रुपमा मुखरित गर्न नेपाल पर्यटन बोर्ड तथा SAMARTH संग सह-कार्य गर्दै गत २४ सेप्टेम्बर देखि ३० सेप्टेम्बर सम्म कुल ३७ जना रहनु भएको अंतराष्ट्रिय संचार माध्यम तथा टूर अपरेटरहरुका लागि काठमाण्डौं, चितवन तथा पोखराको Familiarization Tour (परिचयात्मक भ्रमण) को पनि आयोजना गरेको थियो । यस FAM Tour मा मलेशिया, फ्रांस, बेलाएत, हंगकंग, चीन, कम्बोडिया, इटाली, टर्की, भारत, श्रीलंका, बंगलादेश र भुटानबाट पाल्नु भएका सहभागीहरु सम्मिलित गराइएको थियो । चितवनको Landmark Forest Park ले उहांहरुको भव्य स्वागत गर्नु भएको उल्लेख्य छ । साथै, यस Fam Trip का सहभागीहरुलाई चितवनको जंगल सफारीमा घुमाउनुका साथै राष्ट्रिय निकुंजको दृष्यावलोकन गराइएको थियो । यस पूर्व नेपाल एशोसिएशन अफ राफ्टिङ्ग एजेन्ट्स (नारा) को सौजन्यतामा चितवन जाने क्रममा त्रिशुली नदीमा नदि यात्रा (राफ्टिङ्ग) पनि गराईएको स्मरणीय छ । ३७औं विश्व पर्यटन दिवसको अवसर पारेर उहांहरुलाई पोखराका नाट्टा पश्चिमांचल क्षेत्रिय संघ, PTRC र Pokhara NTB, Pokhara REBAN एंव पोखराका तमाम पर्यटन व्यवसायीक संस्थाहरुबाट स्वागत गरिएको उल्लेख्य छ ।

हाम्रो संघले यसै अवसरको सदुपयोग गरि २०१५ सेप्टेम्बरको अन्तिम साता भरि पर्यटन पुनरुत्थानका लागि जे जति कार्यहरु सम्पन्न गर्‌यो ती सबैको छायांकन गरि एउटा DVD पनि तयार पारेको व्यहोरा अनुरोध गर्न चाहन्छौं । र आजको यस प्रेस-सम्मेलनमा त्यसको औपचारिक अनावरण पनि गरिने व्यवस्था मिलाईएको अनुरोध गर्दछु ।

स-धन्यवाद,